वीरेन्द्रनगर नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

वीरेन्द्रनगर, सुर्खेत

## मिति २०७८/०५/१३ गतेको ११९ औं कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १.** यस अघिका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे बैठकलाई जानकारी गरियो ।

**निर्णय नं. २.** यस अघि बैठकमा टेबल गरिएका कार्यविधिहरुको दफावार छलफल गरियो । बैठकमा प्राप्त राय सुझावहरुलाई समावेश गर्दै देहायका कार्यविधिहरु स्वीकृत गरियो ।

**देहाय**

(क) नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०७८

(ख) मेलमिलाप कार्य संचालन कार्यविधि, २०७८

(ग) भाडामा र आकस्मिक सेवामा संचालन हुने मेसिनरी औजार तथा सवारी साधनहरुको संचालन विनियमावली, २०७४ (पहिलो संशोधन २०७८)

(घ) जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०७८

**निर्णय नं. ३.** (क) निर्णय न. (२) (ग) अनुसार स्वीकृत कार्यविधि अनुसार नगरपालिकामा रोलर संचालनका लागि एक जना हेब्बी सवारी चालकको व्यवस्थापन गर्नका लागि कार्यालयलाई निर्देश गर्ने ।

(ख) यस नगरपालिकामा वारुण यन्त्र, रोलर तथा ब्याकु लोडर संचालनमा संग्लग्न कर्मचारीहरुको सामूहिक दुर्घटना बिमा गर्नका लागि कार्यालयलाई जिम्मेवारी प्रदान गर्ने ।

**निर्णय नं. ४.** (क) यस कार्यालयको पदपुर्ति समितिको मिति २०७८।०५।१२ गतेको सिफारिस बमोजिम वी न पा ७ स्थित नगर अस्पतालमा कामकाज गर्ने गरि मेडिकल अधिकृत, अधिकृत स्तर आठौं (करार) २ जनालाई नियमानुसार करार गर्दै निजहरुबाट २४ सै घण्टा सेवा उपलब्ध हुने सुनिश्चितता सहित कामकाजमा खटाउनुका साथै न्युनतम कार्य घण्टा भन्दा बढि कार्य खटाउनका लागि ५० प्रतिशत थप प्रोत्साहन सुविधा र एक जना मेडिकल अधिकृतको लागि आवाश समेतको व्यवस्थापन गर्न कार्यालयलाई निर्देश गर्ने ।

(ख) यस नगरपालिकाको वडा न ७ स्थित नगर अस्पतालको संचालन तथा व्यवस्थापनका लागि सो समितिको निर्णयानुसार खर्च गर्ने गरि हाल कोरोना संक्रमण तथा रोकथाम र उपचार कोषमा गत आर्थिक वर्षमा प्रदेश सरकारबाट प्राप्त अक्सिजन प्लान्ट स्थापनाका लागि प्राप्त रकमको बचत रकमबाट रु.१० लाख व्यवस्थापन खर्च उपलब्ध गराउने ।

**निर्णय नं. ५.** अघिल्लो बैठकमा टेबल गरिएको वीरेन्द्रनगर नगरपालिकाको स्थानीय पाठ्यक्रमलाई आवश्यक संशोधन सहित अन्तिम रुप प्रदान गरियो । सो विषय नगर शिक्षा समितिको समन्वयमा कार्यान्वयन गर्न शिक्षा युवा तथा खेलकूद शाखा प्रमुख ललित विक्रम सिंहलाई जिम्मेवारी प्रदान गर्ने ।

Scanned with CamScanner